घरपझोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको ४९औं बैठकको निर्णयहरु

मिति २०८२।०४।१३

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

गाउँ कार्यपालिकाको मिति २०८२।३।३० गते बसेको ४८औं बैठकमा ९ वटा निर्णयहरु भएकोमा प्रस्ताव नं.२ बमोजिम मार्फा छैरो जाने बेलीबृज निर्माण योजना र खालाधुङ ढुङ्गेघर संरक्षण तथा पर्यटकीय स्थलको रुपमा विकास गर्ने योजनाको म्याद थप भएको थियो, सेवा करारमा कार्यरत कर्मचारीहरुको करार म्याद थप गरिएको, स्याङ आधारभुत स्वास्थ्य सेवा केन्द्रको लागि हेल्थ असिस्टेन्ट सेवा करारमा व्यवस्थापन गर्न मिति २०८२।४।९ गते सार्वजनिक सूचना प्रकाशन भएको छ र अन्य निर्णयहरु यस घरपझोङ गाउँसभाको १६ औं अधिवेशनको दोश्रो बैठकमा पेश हुने प्रस्तावहरु सम्बन्धी निर्णयहरु कार्यान्वयनमा आएको जानकारी भयो ।थयो ।

**प्रस्ताव नं. २ :-**

विषयगत समितिहरुको पुनरावलोकन सम्बन्धमा ।

**निर्णय नं. २ :-**

यस घरपझोङ गाउँ कार्यपालिका अन्तरगत आ.ब. २०८२।०८३ को लागि तपसिल बमोजिमका विभिन्न विषयगत समितिहरु गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

क) स्थानीय राजश्व परामर्श समिति

संयोजक : श्री जमुना थापा मगर, उपाध्यक्ष
सदस्य : श्री वेदहरि अधिकारी, प्रमुख प्रशासकीय अधिकृत
सदस्य : श्री बुद्ध हिराचन, गाउँ कार्यपालिका सदस्य
सदस्य : श्री मणि वि.क., गाउँ कार्यपालिका सदस्य
सदस्य : प्रतिनिधि, स्थानीय उद्योग बाणिज्य संघ
सदस्य सचिव : राजश्व शाखा प्रमुख

ख) आर्थिक विकास समिति

संयोजक : श्री मन बहादुर हिराचन, २ नं. वडा अध्यक्ष
सदस्य : श्री बुद्ध हिराचन
सदस्य : श्री मणि वि.क.
सदस्य सचिव : आर्थिक शाखा प्रमुख

ग) पूर्वाधार विकास समिति

संयोजक : श्री आस बहादुर थकाली, १ नं. वडा अध्यक्ष
सदस्य : श्री रोजी थकाली

निर्णय प्रमाणित/
२०८२।०४।१३

सदस्य : श्री राजु प्रसाद लालचन
सदस्य सचिव : पूर्वाधार तथा भवन नियमन शाखा प्रमुख

घ) सामाजिक विकास समिति
संयोजक : श्री प्रदिप थकाली, ५ नं. वडा अध्यक्ष
सदस्य : श्री भिषण थकाली
सदस्य : श्री बुद्ध हिराचन
सदस्य सचिव : सम्बन्धित शाखा हेर्ने शाखा प्रमुख

ङ) वातावरण तथा विपद् व्यवस्थापन समिति
संयोजक : श्री याम प्रसाद थकाली, ४ नं. वडा अध्यक्ष
सदस्य : श्री राजु प्रसाद लालचन
सदस्य : श्री रोजी थकाली
सदस्य सचिव : वातावरण तथा विपद् व्यवस्थापन फोकल पर्सन

च) सुशासन तथा संस्थागत विकास समिति
संयोजक : श्री फलेन्द्र प्रसाद थकाली, ३ नं. वडा अध्यक्ष
सदस्य : श्री अनिता घताने
सदस्य : श्री भिषण थकाली
सदस्य सचिव : प्रशासन शाखा प्रमुख

छ) अनुगमन तथा सुपरीवेक्षण समिति
संयोजक : श्री जमुना थापा मगर, उपाध्यक्ष
सदस्य : श्री भिषण थकाली, गाउँ कार्यपालिका सदस्य
सदस्य : श्री रोजी थकाली, गाउँ कार्यपालिका सदस्य
सदस्य सचिव : योजना शाखा प्रमुख

साथै उपरोक्त अनुसार उल्लिखित समितिहरु बाहेक अन्य सबै समितिहरुलाई यथावत रुपमा निरन्तरता दिने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :-**
अध्यक्ष कप खेलकुद सञ्चालन सम्बन्धमा ।
**निर्णय नं. ३ :-**
चालु आ.ब.को स्वीकृत बार्षिक कार्यक्रम अनुसार अध्यक्ष कप खेलकुद कार्यक्रम यस घरपझोङ गाउँपालिका, २ नं. वडा मार्फामा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो । अध्यक्ष कप खेलकुद कार्यक्रम सञ्चालनको सम्पूर्ण जिम्मा २ नं. वडा कार्यालय, मार्फालाई दिने र चालु आ.ब.को

निर्णय प्रमाणित

स्वीकृत बजेट रु.५,००,०००।- को परिधि भित्र रहेर कार्यक्रमको प्रस्ताव तयार गरी खेलकुद कार्यक्रम सञ्चालन गर्नुपर्ने समेत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :-**

Australia को Maribyrnong सँग भगिनी सम्बन्ध सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

Australia को Maribyrnong, Victoria ले यस घरपझोङ गाउँपालिका, मुस्ताङ सँग भगिनी सम्बन्ध स्थापना गर्नका लागि चासो देखाएको भन्ने यस गाउँ कार्यपालिकालाई जानकारी प्राप्त भएको हुँदा उक्त Maribyrnong, Victoria सँग भगिनी सम्बन्ध स्थापना गर्ने सम्बन्धी प्रकृया अघी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :-**

तिनपाङ्ग्रे विद्युतिय अटोरिक्साको भाडादर तोक्ने सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

गाउँपालिकाको गत आ.ब. २०८१।८२ को स्वीकृत कार्यक्रम अनुसार यस घरपझोङ गाउँपालिकाको प्रस्ताव आह्वान सम्बन्धी दोश्रो पटक मिति २०८२।२।१४ गते प्रकाशित सार्वजनिक सूचना अनुसार ३ जना स्थानीय बासिन्दाहरुले तिनपाङ्ग्रे विद्युतिय अटोरिक्सा सञ्चालन गर्न ईच्छुक भई प्रस्ताव पेश गरेकोमा उक्त ३ जनाको प्रस्ताव स्वीकृत भई ३ वटा ई-रिक्सा गाउँपालिकाको ५०% अनुदानमा खरिद भईसकेको व्यहोरा जानकारी भयो । तिनपाङ्ग्रे विद्युतिय अटोरिक्सा सञ्चालन गर्नका लागि भाडा दर तोक्ने सम्बन्धमा छलफल हुँदा, तिनपाङ्ग्रे विद्युतिय अटोरिक्सा सञ्चालन गर्ने तिनै जना हाल लाईसेन्स र अन्य प्रकृया व्यवस्थापनको लागि गाउँपालिका बाहिर रहेको र निजी साझेदारीमा यातायात सेवा सञ्चालन तथा प्रवर्द्धन कार्यक्रम, २०८२ को बुँदा नं ५(चरण-४) अनुसार सवारी भाडा दर सम्बन्धित व्यवासायीहरु सँगको समन्वयमा पालिकाले तोक्ने भन्ने प्रावधान रहेकोले आगामी बैठकमा भाडा दर तोक्ने प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :-**

अख्तियार तथा अदालतमा परेका उजुरी तथा रिट सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

विभिन्न सार्वजनिक जग्गा अतिक्रमण सम्बन्धी विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी गरी जिल्ला प्रशासन मार्फत जवाफ लेखी पठाउने सम्बन्धी विभिन्न पत्रहरुका सम्बन्धमा साथै उच्च अदालत पोखराबाट (रिट शाखा 081-WO-0215/316) यस घरपझोङ गाउँपालिकाको नाउँमा जारी भएको १५ (पन्ध्र) दिने सूचनाको म्याद सम्बन्धमा छलफल हुँदा उल्लिखित सबै विषयका सम्बन्धमा मनासिव जवाफ लेखी पठाउनका लागि यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित
०८२।०४।१२

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ७ :-**

कृषि शाखाबाट तयार भएको कार्यक्रम सञ्चालन कार्यविधि सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

यस घरपझोङ गाउँपालिका, कृषि शाखाबाट पेश भएको मौरी पालन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ उपर विस्तृत रुपमा छलफल गरियो र पेश भएको मौरी पालन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ लाई स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**

न्यायिक सहजकर्ताको माग तथा प्रतिबद्धता सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

यस घरपझोङ गाउँपालिका, न्यायिक समितिलाई अझै व्यवस्थित गर्दै लानु पर्ने देखिएको हुँदा गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं.४९ मिति २०८२।०४।१२ को पत्रमा उल्लेख भए अनुसार १ जना न्यायिक सहजकर्ता छनौट गरी पठाई दिनका लागि अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो । साथै गण्डकी प्रदेश स्थानीय न्यायिक सहजकर्ता (छनौट तथा परिचालन) कार्यविधि, २०८१ को दफा १०(३) बमोजिम यस गाउँपालिकाको तर्फबाट पारिश्रमिक लागत साझेदारीको अनुपात १५%को प्रतिवद्धता रहने व्यहोरा समेत उल्लेख गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**

एक्लेभट्टी स्थित जिल्ला ट्राफिक कार्यालयमा पानी फिल्टर (युरोगार्ड) राख्ने सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

यस घरपझोङ गाउँपालिका ३ नं. वडा कार्यालयको च.नं.०३, मिति २०८२।०४।०७ को पत्रबाट सिफारिस भए अनुसार ३ नं. वडा क्षेत्रको एक्लेभट्टीमा रहेको जिल्ला ट्राफिक कार्यालयमा खटिने ट्राफिक प्रहरी साथै आगन्तुक पर्यटकहरुले शुद्ध पिउने पानीको सुविधा प्राप्त गर्ने गरी यस गाउँपालिकाबाट एक थान युरोगार्ड जडान गरिदिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १० :-**

७५३ स्थानीय तहका प्रमुखहरुको वातावरण तथा जलवायु परिवर्तन सम्मेलन सञ्चालन सम्बन्धमा ।

**निर्णय नं. १० :-**

जलवायु परिवर्तन सम्बन्धी ध्यानाकर्षण तथा पर्यटन प्रवर्द्धनसँग सम्बन्धित उपयुक्त नारा तय मिति २०८२ साल भाद्र ३१ गतेका दिन "७५३ स्थानीय तहका प्रमुखहरुको वातावरण तथा जलवायु परिवर्तन सम्मेलन" आयोजना गर्ने सर्वसम्मत निर्णय गरियो ।

सम्मेलन सञ्चालन सम्बन्धी व्यवस्थापनको लागि तपसिल बमोजिम जिम्मेवारी तोक्ने र आवश्यकता अनुसार उपसमितिहरु गठन गरी सम्मेलनलाई अझै व्यवस्थित गर्नका लागि आवश्यक कार्य गर्नका लागि कार्यालयलाई अधिकार प्रदान गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

१. सम्मेलनमा सहभागी हुने स्थानीय तहका प्रमुख सहित २ जनाको २ रातको बास र सोही अनुसार खाना र खाजाको व्यवस्थापन गाउँपालिकाले गर्ने ।

निर्णय प्रमाणित

घरपफोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

२. सहभागीहरुको २ रात बास र खाना/खाजाको व्यवस्थापन गर्न आवश्यक पर्ने होटलहरुको व्यवस्थापनको जिम्मा ५ वटै वडा अध्यक्ष र वडा सचिवहरुलाई दिने ।
३. सम्मेलन स्थलको स्टेज निर्माण तथा सजावट साथै साउण्ड सिस्टम व्यवस्थापनको संयोजन गर्ने जिम्मा कार्यपालिका सदस्य श्री राजु प्रसाद लालचनलाई दिने ।
४. कार्यक्रम स्थलमा स्थानीय कला संस्कृति झल्कने १/१ साँस्कृतिक कार्यक्रम प्रदर्शन गरिदिनका लागि सबै वडाका आमा तथा महिला समूहहरुलाई अनुरोध गर्ने ।
५. अतिथि सत्कारको संयोजन गर्ने जिम्मा उपाध्यक्ष श्री जमुना थापा मगरलाई दिने ।
६. सम्मेलन कार्यक्रममा पेश हुने घोषणा-पत्र तयारी, गाउँपालिका तर्फको प्रस्तुतिकरण, प्रमुख अतिथि सँगको समन्वय लगायत सम्मेलनलाई भव्य र सभ्य तुल्याउनका लागि विज्ञहरु सँग परामर्श लिने सम्बन्धी जिम्मा गा.पा. अध्यक्षज्यू लाई दिने ।
७. सहभागी तथा अतिथिज्यूहरुलाई मायाँको चिनो व्यवस्थापन गर्ने जिम्मा गाउँ कार्यपालिका सदस्य श्री भिषण थकालीलाई दिने ।
८. सम्मेलन आयोजना हुने जोमसोम कभर्डहलमा पानी, बिजुली, शौचालय तथा सरसफाई सम्बन्धी कार्यको संयोजन गर्ने जिम्मा ४ नं. वडा अध्यक्ष श्री याम प्रसाद थकालीलाई दिने र पूर्वाधार शाखाका सबै प्राविधिक कर्मचारीहरुले आवश्यक व्यवस्थापन मिलाउने ।
९. सम्मेलनको प्रचार प्रसार, गाउँपालिकाको ब्रोसर तयार गर्ने लगायतका कामहरुको संयोजन गर्ने जिम्मा ३ नं. वडा अध्यक्ष श्री फलेन्द्र प्रसाद थकाली र कार्यपालिका सदस्य श्री भिषण थकालीलाई दिने ।
१०. माथी उल्लिखित कृयाकलापहरु सफलतापूर्वक कार्यान्वयन तथा सम्पन्न गर्नका लीग गाउँ कार्यपालिकाको कार्यालयका कर्मचारीहरुलाई जिम्मेवारी दिने तथा काममा खटाउने जिम्मा प्रमुख प्रशासकीय अधिकृतलाई दिने ।

साथै उपरोक्त अनुसारको व्यवस्थापनको लागि आवश्यक पर्ने रकम चालु आ.ब. को स्वीकृत "७५३ स्थानीय तहका प्रमुखहरुको वातावरण तथा जलवायु परिवर्तन सम्मेलन" कार्यक्रम शिर्षकमा विनियोजन भएको बजेटको परिधि भित्र रहेर खर्च तथा आवश्यक आर्थिक सहयोगको लागि गण्डकी प्रदेश पर्यटन मन्त्रालय, क्ष्ऋक्ष्इम् तथा ल्त्थ सँग समन्वय र पत्राचार गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ११ :-**

फोहरमैला व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. ११ :-**

यस घरपझोङ गाउँपालिका क्षेत्र भित्र पर्यटकहरुको चहल पहल बढे सँगै फोहरमैला व्यवस्थापनको चुनौती थपिदै गएको हुँदा आवश्यकता देखिएको हुँदा सबै वडाहरुमा फोहरमैला व्यवस्थापनको लागि वडा स्तरमाबाटनै सरसफाई सहयोगी ज्यालादारीमा राखी सम्बन्धित वडाले व्यवस्थापन गर्ने साथै टोल विकास संस्था, आमा तथा महिला समूहहरुलाई अझै व्यवस्थित रुपमा कसरी परिचालन गर्न सकिन्छ यस सम्बन्धमा कार्यक्रम बनाई कार्यान्वयन गर्ने अधिकार कार्यालयलाई दिने साथै लाग्ने खर्च चालु आ.ब. को फोहरमैला व्यवस्थापन शिर्षकमा विनियोजन भएको बजेट बाट गर्ने अधिकार समेत कार्यालयलाई दिने समेत सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित
०८/१०/१३

**प्रस्ताव नं. १२ :-**

घातु, शिशा तथा प्लाष्टिकजन्य फोहर व्यवस्थापनको ठेक्का प्रक्रियाका लागि सूचना प्रकाशन गर्ने सम्वन्धमा ।

**निर्णय नं. १२ :-**

यस गाउँपालिका क्षेत्र भित्र प्रयोग विहिन घातु, शिशा तथा प्लास्टिकजन्य फोहरलाई कबाडीको रुपमा संकलन गरी निकासी व्यवस्थापन गर्नका लागि बार्षिक बोलकोबल न्यूनतम् दस्तुर रु.५०,०००।- तोकी ठेक्का प्रक्रियाको लागि सार्वजनिक सूचना आह्वान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १३ :-**

विभिन्न पत्रहरुका सम्बन्धमा ।

**निर्णय नं. १३ :-**

मिति २०८२।४।१० गते सम्पन्न भएको मुस्ताङ जिल्लाको ७औं अन्तरपालिका समन्वायात्मक बैठकमा पेश भएको ६ वटा प्रस्तावहरु उपर भएका निर्णयहरुका बारेमा जानकारी भयो । अन्तरपालिका समन्वायात्मक बैठकमा भएका निर्णयहरुलाई कार्यान्वयन गर्ने तर्फ यस घरपझोङ गाउँपालिकाले पहल गर्नु पर्ने र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१४ मिति २०८२।४।६ गतेको पत्र साथ संलग्न राष्ट्रिय सतर्कता केन्द्रको च.नं.३५७० मिति २०८२।३२ गतेको पत्रबाट सार्वजनिक सम्पत्तिको सुरक्षा, संरक्षण र प्रभावकारी व्यवस्थापन गर्ने सम्बन्धी निर्देशन बारे जानकारी भयो र निर्देशन भए अनुसार कार्यान्वयनमा ल्याउने समेत सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित

०८२।०५।१२

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल